# युग परिवर्तन
साप्ताहिक



## आफ्नै सूचना

युग परिवर्तन साप्ताहिक पत्रिकाको लागि विभिन्न जिल्लामा सम्वाददाताको आवश्यकता भएकाले इच्छुक ब्यक्तिहरूले समयमा नै सम्पर्क गर्नहोस् ।

सम्पर्क

९८०३६ १४२०७, ९८४१ ८६३१७१

E-mail : yugaparivartan@gmail.com



Yuga Parivartan Weekly वर्ष १, अंक ३, २०६५ भदौ ८, आइतबार Aug. 24, 2008 मूल्य : रू. ५।


# गठबन्धन सरकारले पूर्णता पाएन

■ **राजेन्द्र ताम्राकार**

काठमाडौं/तीन दलीय गठबन्धनको सरकारले पूर्णता नपाउदै विवादमा परेको छ । नेकपा( माओवादी), नेकपा एमाले र मधेसी जनअधिकार फोरमबीच भएको समीकरणको प्रारम्भमै सरकारमा आफ्नो हैसियतको कारण बताउदै एमालेले सरकारमा नजाने बताएपछि सरकारले पूर्णता नपाउदै विवादमा परेको हो ।

भागबण्डा मिलेपनि माओवादीले प्रधानमन्त्रीपछिको दोश्रो वरीयतामा अर्थमन्त्री डा. बाबुराम भट्टराईलाई राखेपछि रुष्ट बनेको एमाले सरकारमा सामेत भएन । प्रधानमन्त्रीपछिको दोश्रो वरीयता नपाएपछि सरकारमा नजाने अवस्थामा एमाले पुगेपछि नवगठित सरकारले पूर्णता पाउन सकेन । प्रधानमन्त्रीको चीन भ्रमणका कारण सरकारले पूर्णता पाउन अझै केहिदिन लाग्ने निश्चित छ ।

तीन दलबीच मन्त्रालय विभाजनमा सहमती भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शुक्रबार मन्त्रीमण्डल विस्तार गरेका छन् । सहमति अनुसार मन्त्रीहरूको नियुक्ति गरेर शुक्रबार अपरान्ह ४ बजे राष्ट्रपति भवनमा सपथग्रहण कार्यक्रम तय गरिएको भए पनि एमालेबाट प्रतिनिधित्व हुने कुनै पनि मन्त्री सपथमा सहभागी भएनन् । उनीहरू सहभागी नभएपनि माओवादी र फोरमबाट प्रतिनिधित्व गरेका आठ मन्त्रीहरूलाई भने प्रधानमन्त्री प्रचण्डले पद तथा गोपनीयताको सपथग्रहण गराएका छन् ।

पूर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमको नेतृत्वमा सरकारमा सामेल हुन लागेको एमालेले वरीयताका आधारमा प्रधानमन्त्रीपछि दोस्रो स्थान पाउनुपर्ने बताएको छ । सरकारमा सामेल दोस्रो ठूलो दलको हैसियतले दोस्रो वरीयतामा राख्नु पर्ने एमालेको भनाइको वेवास्ता गर्दै माओवादीका वरिष्ठ नेता एवम् अर्थमन्त्री डा. बाबुराम भट्टराईलाई दोस्रो वरीयतामा राखेपछि एमाले र माओवादीको सम्बन्ध चिसिएको छ । हुनत राष्ट्रपतिको निर्वाचन अगाडी देखिनै एमाले माओवादीको सम्बन्ध चिसिन थालेको थियो तर सरकार गठनको अन्तिम चरणमा सम्बन्ध विच्छेदको अवस्थामा पुगेका छन् ।

सपथग्रहण गर्ने तयारी अवस्थामा दौरा सुरुवाल लगाएर सिंहदरबार पुगेपनि एमालेका वामदेव गौतम, विष्णु पौडेल, रामचन्द्र झा, किरण गुरुङ्ग, अष्टलक्ष्मी शाक्य र गोपाल शाक्य माओवादीसग रुष्ट भएर फर्केका थिए । एमाले महासचिव झलनाथ खनालले प्रस्तावित मन्त्रीहरूलाई राष्ट्रिय पोशाकमा आउन निर्देशन दिएपछि प्रस्तावित ६ जनाले नै पोशाक लगाएर आएका थिए । तर वरीयताको क्रम नमिलेपछि एमाले निराश बनेको थियो ।

विहिबार मात्रै माओवादी, फोरम र एमालेले सरकारका भावी कार्यक्रमसहितका विषयलाई लिएर संयुक्त सरकारका साझा न्यूनतम कार्यक्रममा प्रचण्ड, झलनाथ खनाल र उपेन्द्र यादवले हस्ताक्षर गरेका थिए । शीर्ष नेताहरूले हस्ताक्षर गरेको मसी सुक्न नपाउदै सहमति तोडिनथालिनु निश्चय पनि जनभावनाविपरित कार्य भएको छ । सरकारको नेतृत्व गरेको माओवादीले अन्य दललाई किन दोस्रो वरीयतामा राख्न चाहदैन ? यदि काङ्ग्रेस सरकारको सिको माओवादीले गरेका हुन् भने माओवादीले नया नेपाल बनाउलान् भनेर कसरी विश्वास गर्ने ? थुप्रै प्रश्नहरू उब्जिएको छ ।यद्यपि सानो आकारको भएपनि सरकार गठन हुदा केही राहतको महसुस भने अवश्य गर्न सकिन्छ । शुक्रबार दिउसोसम्मको सहमति अनुसार **(बाकी ८ पेजमा)**

**नवगठित मन्त्रीमण्डल**

**पुष्पकमल दाहाल (प्रचण्ड) प्रधानमन्त्री**
**डा.बाबुराम भट्टराई अर्थ**
**रामबहादुर थापा (बादल) रक्षा**
**देवप्रसाद गुरुङ कानुन, न्याय तथा संसदीय**
**कृष्णबहादुर महरा सूचना तथा सञ्चार**
**उपेन्द्र यादव परराष्ट्र**
**विजयकुमार गच्छदार भौतिक योजना तथा निर्माण**
**जयप्रकाशप्रसाद गुप्ता कृषी तथा सहकारी**
**रेणुकुमारी यादव शिक्षा**



## प्रधानमन्त्रीद्वारा राष्ट्रको नाममा सम्बोधन

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजनीतिक दलहरूले संकीर्ण दलगत स्वार्थभन्दा माथि उठेर नया नेपाल निर्माणको अभियानमा जुट्नुपर्ने बताएका छन् । प्रचण्डले गणतन्त्रलाई संस्थागत गर्नपनि दलहरूबीच सहकार्य आवश्यक भएको दोहोऱ्याएका छन् ।

गणतान्त्रिक मुलुकको पहिलो प्रधानमन्त्री भएपछि राष्ट्रका नाममा पहिलो सन्देश दिदै हातमा हात मिलाएर मात्रै देशले नया निकास पाउने बताएका छन् । उनले जनताले दिएको अभिमतलाई जुनसुकै हालतमा आत्मसात गर्ने प्रतिवद्धता जनाएका छन् ।

बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, मानवअधिकार, प्रेस स्वतन्त्रता, विधिको शासन आदि लोकतान्त्रिक पद्धती र मान्यताहरूको अनुसरण गर्ने बताउदै प्रधानमन्त्री प्रचण्डले बहुसंख्यक श्रमिक जनताको वास्तविक लोकतन्त्रमा विस्तारित गर्न विशेष जोड दिने बताए । सजकता नै स्वतन्त्रताको मूल्य हो भन्ने भनाई अनुरुप लोकतन्त्र र स्वतन्त्रतालाई व्यापक र दिगो बनाउन नागरिक समाज, जनता र प्रेसले निरन्तर निगरानी गर्नुपर्ने बताएका छन् ।

चीनमा ओलम्पिक खेलको समापन कार्यक्रममा भाग लिन शनिबार चीन जानुपूर्व प्रचण्डले राष्ट्रको नाममा सन्देश दिएका थिए । अत्यन्तै हर्षित मुद्रामा देखिएका प्रचण्डले झण्डै बाह्र मिनेट लामो वक्तव्य जारी गरेका थिए । उनी चीन गएकाले उनको कार्यभार अर्थमन्त्री डा. बाबुराम भट्टराईले सम्हाल्ने भएका छन् ।

*(सम्बोधनको पूर्णपाठ पृष्ठ ५ मा)*

## प्रधानमन्त्रीको निर्देशन

काठमाडौं/पूर्व क्षेत्रस्थित बाढीग्रस्त क्षेत्रको निरीक्षणगर्ने क्रममा सो क्षेत्र जानु भएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड' ले बुधबार पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बराह बाहिनी पकलीमा एक कार्यक्रमबीच क्षेत्रीय प्रमुखहरुलाई निर्देशन दिनुभयो ।

बाढीग्रस्त इलाकाको निरीक्षणगर्ने सिलसिलामा काठमाडौंबाट हेलिकोप्टरद्वारा पहिलो भ्रमणको क्रममा सो बाहिनी जानुहुदा उहालाई सशस्त्र प्रहरी बलको सम्मान गारदले सलामी अर्पण गरेको थियो ।

उक्त बाहिनीबाट सुनसरी जिल्लाका विभिन्न ठाउका बाढिग्रस्त इलाकाको निरीक्षण गरी पुन: सोही बाहिनीमा फर्किनु भई प्रधानमन्त्रीले क्षेत्रीय प्रमुखहरुलाई निर्देशन दिनु भएको हो । ■

## ७५ वटै जिल्लामा सूचना प्रविधि

*दिलबहादुर सार्की*

काठमाडौं/नेपाल सूचना विज्ञान तथा प्रविधि संस्थाले शुक्रबार रिपोर्टर्स क्लबमा एक पत्रकार सम्मेलन आयोजना गरि नेपालमा सूचना तथा प्रविधिको विकास सम्बन्धि आफ्नो रोडम्याप सार्वजनिक गरेको छ ।

कार्यक्रममा बोल्दै संस्थाका अध्यक्ष सीपी भट्टराईले उक्त रोडम्याप छिट्टै सरकार सामु लैजाने जानकारी गराउनुभयो । भट्टराईको प्रमुख आथित्यमा सो कार्यक्रम सम्पन्न भएको थियो ।

सिष्टका उपाध्यक्ष कपिल पौडेलले सूचना तथा प्रविधिको विकासविना नया नेपालको कोरा कल्पना भन्दै यस क्षेत्रको विकासविना सरकारसमेत लङ्गडो हुने बताउनुभयो । सिष्टद्धारा तयार पारिएको रोडम्याप नेपाल सरकारकै पूर्ण सहयोग,सहभागिता र सहकार्यमा अगाडि बढाउन पहल गर्नुका साथै सूचना तथा सञ्चार मन्त्रालय,विज्ञान तथा प्रविधि मन्त्रालयलाई नेपाल सूचना विज्ञान तथा प्रविधि मन्त्रालयका रुपमा परिमार्जित गर्दै सूचना तथा प्रविधि क्षेत्रलाई राष्ट्रिय कार्यक्रम घोषणा गरि ७५ वटै जिल्लामा सूचना प्रविधि( आईटी) केन्द्र स्थापना गर्न स्थापना गर्न रोडम्याप सरकारसामु प्रस्तुत गर्न लगिएको जानकारी दिनुभयो । राष्ट्रिय सूचना केन्द्रको रुपमा सिष्ट रहनेगरि अरु क्षेत्रीय सूचना केन्द्र,जिल्ला सूचना केन्द्र,ग्रामीण सूचना केन्द्र निर्माण गरी राष्ट्रिय सञ्जालको दृश्यावलोकन केन्द्रिकृत गर्न प्रत्येक जिल्लाका सरकारी निकाय,शैक्षिक संघसंस्था लगायत ग्रामीण क्षेत्रमा समेत सूचना प्रविधिको प्रविधि तालिम तथा रोजगारीको व्यवस्था गर्न यो कार्यक्रम नेपाल सरकारबाटै पहल होस् भन्ने उद्देश्यले रोडम्याप तयार पारी सरकारमा लैजान लागेको धारणा सिष्टका महासचिवको थियो । यो प्रविधि अत्यन्त नया भएकाले सो रोडम्याप कार्यान्वयन गर्नसके १० बर्षभित्र साच्चै नया नेपाल बन्नसक्छ भन्दै यो प्रविधिबाट हरेक काम कारबाही अत्यन्तै छिटो,सजिलो र पारदर्शीढंगले सम्पन्न गर्न सकिनुका साथै भ्रष्टाचार,करछली **(बाकी ८ पेजमा)**


*युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएकोमा खुशी व्यक्त गर्दै निरन्तर प्रकाशनका लागि हार्दिक शुभ कामना व्यक्त गर्दछु ।*

सूर्यबहादुर थापा
पूर्वप्रधानमन्त्री एवं अध्यक्ष
**राष्ट्रिय जनशक्ति पार्टी**
सानो गौचरण, काठमाडौं

*हार्दिक बधाई तथा शुभ कामना*



"लोकतान्त्रिक गणतन्त्र नेपाल" को प्रथम प्रधानमन्त्री जस्तो गरिमामय पदमा आसिन हुनुपुग्नु भएकोमा ***पुष्पकमल दाहाल (प्रचण्ड)*** को कार्यकालमा राष्ट्र निर्माण र शान्ति सु व्यवस्था रहोस् भन्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**रामलाल विश्वकर्मा**
*अध्यक्ष*
**राष्ट्रिय दलित आयोग**
पूजा प्रतिष्ठान मार्ग, मध्य वानेश्वर, काठमाडौं

# रुवायो कर्णालीक



काठमाडौं/ धामी भाक्रीको फु मन्तर, पश्चिमको देउडा गीतको रसस्वाद । घरीघरी पेट मिचीमिची हास्नु पर्ने वाध्यता । शुरुमा जति हासे पनि कर्णालीवासीको वेदना र छट्पटिले गर्दा भने अन्त्य अन्त्यतिर धेरैको आसु चुहाउन वाध्य पारयो ।

गुरुकुलको रिमाल नाट्य घर । करिव ५:३५ वजेको हुदो हो रंगकर्मी सुनिल पोखरेलले नमस्कार गरेर नाटकको पहिलो ढोका खोल्दा । देउडा नाचर कर्णालीवाट राजधानी आएका एक युवाले यहाको भीड देखेर भन्न थाले काठमाडौंमा त कस्ता कस्ता मान्छे हुदा रैछन् ,ठुला ठुला भुढी भएका ,सुकिला मुकिला, उस्ताले पइसा के देलान् र मुगुमा नाटक घर वनाउनु नी ? ती युवाको तिखो व्यांग्य प्रहार गरेको देखेर नाटक निर्देशक सुनिल पोखरेल आएर यहाका मान्छेले चाहे भने सात वटा नाटक घर वनाइदिन्छन् भनेर सम्झाउदै थिए । त्यसपछि त कलाकारहरुले निर्धक्क भएर मञ्चमा देखिन थाले ।

सुदुरपश्चिम,त्यसमा पनि कर्णाली अञ्चलको विकट मुगु जिल्ला जहा जहिले भोकमारीले सताउने गर्छ । सुदुर पश्चिमका जनताले खान नपाउने तर राजधानीको रमझममा रमाउने यो समाजको परिपाटीले देश कहिले बन्छ ?कलाकारहरुले मञ्चमा अभिनय गरिरहदा कर्णालीको झल्को दिइरहेको थियो । वेला वखत देखाइएको मुगुको रारा तालले त सवैको मन लोभ्याएको थियो नै रारा ताल नदेखेकाकाहरुलाइ पनि तिर्सना मेटाइदिएको थियो ।

सुरिलो आवाजमा गुञ्जिएको देउडा गीतले देउडा गायक नन्दकृष्ण जोशीलाई देउडा गीतको थप संरक्षणमा लाग्न प्रेरणा दिईरहेको थियो । मुगुमा रहेका संस्कार र संस्कृतीलाई उठान गरिएको थियो सो मञ्चमा ।

सुदुरपश्चिममा वर्षेनी देखिने खाद्य संकट टार्न धौ धौ परिरहेको अवस्थामा पनि सरकारको कुनै पहलकदमी नभएको गुनासो पोखिरहेका थिए भने खाद्यन्न भए पनि पहुचवालाको पक्षमा मात्रै वितरण गरिएको कहाली लाग्दो अवस्थाको चित्रण समेत गरिएको थियो । पाच के.जी. चामलको लागी पाच दिनसम्म लाइन वसेर पनि चामल नपाएर जनताले भोकै वस्नु परेको घटनालाइ उधिनिएको कथामा अधिकास डुवेका थिए । चामल नपाउदा चामलको डिपो कब्जाका लागी भएको लुछाचुडीले सवैको चित्त दुखाएको भए पनि हलमा हासो उठाएको थियो

त्यती मात्र कहा हो र , पुलको अभावमा तुईनको साहाराले कर्णाली नदी तर्नु पर्दाका दृश्य त कहाली लाग्दो नै थियो । तल वर्षायाममा आएको भेल वाढीले उर्लिरहेको कर्णाली नदी, तुइनको माध्यमवाट घासको भारी सहित नदी तर्नु कम दु:ख होइन । तुइन तर्न नसक्दा कतिपयको त मृत्यु समेत भएको पाइन्छ । दर्शकदिर्घाको छानावाट तुइन जोडिएको थियो भने तल वगेको कर्णालीमा आफन्तको ज्यान गएर आफन्त भावभिव्हल हुदा त सवैका आखा रसाएका थिए । केही आम्दानीको श्रोत नभएपछि परदेशिनु परेको दृश्यले मन घोच्न वाध्य पारेको थियो भने मुगुमा डाक्टरको अभावमा विरामीहरु अन्यत्र लानु पर्ने वाध्यतालाइ दृश्यमा उतारिएको थियो ।

मुगु जिल्लामा नाटक घर वनाउन गुरुकुलले प्रस्तुत गरेको नाटकामा प्रायजसो मुगुका कलाकारले अभिनय गररेका थिए भने गुरुकुलका केही कलाकारहरुले सहयोग गरेका थिए । हाट नाम दिएको सो नाटक गुरुकुलको रिमाल नाट्य घरमा १३ गतेसम्म मञ्तन गरिने सुनिल पोखरेलले वताए ।

# सौन्दर्य र सफलता

"सौन्दर्य" यो निहीत व्यक्ति सबैलाई मनपर्छ , सबैलाई त्यो व्यक्ति आफैं बन्न मन लाग्छ । त्यस मध्ये पनि महिलाहरुको एउटा ठूलो अस्त्र पनि हो । नारी होस् वा पुरुष सफलताको पछाडी सौन्दर्यको केही न केही भूमिका रहेको हुन्छ । प्रकृतिको यो उपहार सबै लाई चाहे अनुरुप , समानरुपमा प्राप्त हुदैन । भएकोमा निखार ल्याउने काम भने प्रत्येकको आफ्नै हातमा छ । जल वायुको बिबिधताको कारण विश्वका बिभिन्न भू भागमा बसोबास गर्ने ब्यक्तिहरु बीच शारीरिक बनावट र सौन्दर्यमा फरक पाइन्छ । ऋतु अनुसार मौसम परिवर्तन भैरहन्छ त्यसले पनि सौन्दर्यलाई प्रभाव पार्छ । तर प्रयास गरे सबै आकर्षक बन्न सक्छन् । आकर्षक तथा सुन्दर देखिन सब भन्दा पहिला त आफूमा भएको कमी पत्ता लगाई त्यसलाई पूरा गर्दै जानु पर्छ । चाहे त्यो कमी बाह्य होस वा आन्तरिक ।

१.पहिलो त प्राय जसोको सोचाई हुन्छ महङ्गो कपडा लगाउदा राम्रो देखिन्छु भन्ने लाग्छ । तर तपाई त्यसो नगर्नुस् , महङ्गो हुदैमा त्यसले ब्यक्तिलाई आकर्षक देखाउने होईन । कसैलाई सुहायो भन्दैमा त्यसले सबैलाई सुहाउदैन । तपाई त्यो कुरामा ध्यान दिनुस् कि कपडा आफ्नो शारीरिक बनावट अनुसारको डिजाईनको छ कि छैन ? र अर्को कुरा तपाईको छालाको रङ्गसग सुहाउने लगाउनुस् । त्यसमा पनि अर्को महत्वपूर्ण पक्ष त कपडि सधैं सफा र मिलाएर लगाउनुस् , त्यसले गर्दा तपाईलाई आकर्षक देखिन मद्दत गर्छ । महत्वपूर्ण पक्ष यो पनि हो कि आफू कुन देश र समाजमा बसिएको फेसन गर्दा त्यो कुरा कहिल्यै बिर्सनु हुन्न ।

२.अर्को पक्ष बिशेष गरी नारीहरु श्रृगारलाई सौन्दर्य बृद्धि गर्ने अचूक बाटो ठान्छन् । वास्ताबमा सही तरीकाले श्रृंगार गर्‍यो भने सौन्दर्य बढाउछ तर कहिले कहि यस्तो पनि हुन्छ कि श्रृंगारले भएको सौन्दर्यमा पनि बिगार ल्याउछ उचित तरीकाले गरिएन भने । त्यसैले श्रृंगार गर्दा आफूलाई कुन मेकअप सामग्रीले सुहाउछ , कुन रङ्गले सुहाउछ भन्ने कुरामा ध्यान दिनु जरुरी छ । उमेर अनुसार ब्युटी ट्रिट्मेन्टहरु पनि गर्नु पर्छ त्यसको लागि सधैं पार्लर धाउनु पर्दैन घरैमा बसेर आफैं गर्न सकिन्छ । अत्याधिक श्रृंगारले पनि छालालाई असर पुर्‍याउछ त्यसैले उमेर अनुसार मात्र मिलाएर श्रृंगार गर्नु राम्रो हुन्छ । यो कुरामा ध्यान दिनुस् कि सुन्दरता बढाउने नाममा असुहाउदो नहोस् । मुख्य कुरा त समाज, देश, परिबेश सुहाउदो मात्र श्रृंगार गर्नुहोस ।

३.अर्को महत्वपूर्ण कुरा के हो भने ब्याक्ति आकर्षक , सुन्दर देखिन बाहिरी सौन्दर्यको जति आवश्यकता छ आन्तरिक सौन्दर्यको अझ बढी जरुरी हुन्छ । सन्तुलित भोजन गर्नुस् । स्वस्थ्य पनि सौन्दर्यको महत्वपूर्ण पाटो भन्ने नभुल्नुस् । सुन्दरताको लागि शारीरिक तथा मानसिक दुवै पक्ष स्वस्थ्य हुनु जरुरी हुन्छ । अनावश्यक मानसिक अन्य मनोबैज्ञानिक बिकार जस्तै कि भ्रम , शंका , भय , ईर्ष्या , चिन्ताबाट आफूलाई सधैं टाढा राख्नुस् । आफूमा जहिले पनि आत्म बिश्वास हुनु बढाउनुस् सफल हुन आत्म बिश्वास हुनु पर्छ तब मात्र कुनै पनि लक्ष्यमा पुग्न सकिन्छ ।

*सन्ध्या राई*
*धनकुटा, मुगा*

## ७५ वटै जिल्लामा...

लगायत यावत चुहावट पूर्णरुपमा उन्मूलन हुनसक्ने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रव्यापीरुपमा सूचना तथा प्रविधिको पहुच पुऱ्याउन सके अधिकांश नेपाली शिक्षित हुनुको साथै रोजगारी पाउने संस्थाको प्रेस विज्ञप्तिमा उल्लेख छ । यो प्रविधिको विकासले अधिकांश नेपाली लाभान्वित हुनसक्ने र हाल संस्थाकै लगानीमा जुम्ला र सप्तरी जिल्लामा सूचना केन्द्र स्थापना भईसकेको र निकट भविष्यमै धादिङ्ग, नुवाकोट, रामेछाप, सिन्धुली काभ्रे, भक्तपुर, सर्लाही, वारा लगायत विभिन्न जिल्लामा सूचना केन्द्र स्थापना गरिने विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा उल्लेख भए अनुसार सूचना तथा सञ्चार मन्त्री कृष्णबहादुर महरा,रोनाष्टका उपकुलपति लगायत विभिन्न विभागीय प्रमुखहरुसंग पनि छलफल भईसकेको र हालसम्म ४५ जिल्लाका ६० जना स्नातक भि.के.पी.तालिम सम्पन्न गरी सिष्ट र नेपाल सरकारको लोगोसहितको प्रमाणपत्रसमेत लिईसकेको उल्लेख छ ।

## गठबन्धन...

माओवादीले पाउने नौ मन्त्रालयमध्ये डा. बाबुराम भट्टराई अर्थ, रामबहादुर थापा (बादल) रक्षा, कृष्णबहादुर महरा सूचना तथा सञ्चार, देवप्रसाद गुरुङ्ग कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्री भएका छन् । भने फोरमले पाउने चार मन्त्रालयमध्ये परराष्ट्रमन्त्री उपेन्द्र यादव, भौतिक योजना तथा निर्माणमा विजयकुमार गच्छदार, कृषि तथा सहकारी मन्त्रीमा जयप्रकासप्रशाद गुप्ता र शिक्षा मन्त्रीमा रेणुकुमारी यादव नियुक्त भएका छन् । शुक्रबारनै सबै मन्त्रीहरूलाई प्रधानमन्त्री पुष्पकमल दाहाल ( प्रचण्ड)ले पद तथा गोपनियताको सपथग्रहण गराएका थिए ।

एमालेले गृह, स्थानीय विकास, जलस्रोत, वन तथा भूसंरक्षण, उद्योग र युवा तथा खेलकूद मन्त्रालय पाउने सहमति भएको भएपनि मर्यादाक्रमको विवादले एमालेले मन्त्री हुनेहरूको नाम प्रधानमन्त्री समक्ष अपरान्ह नै पठाएको भएपनि सपथग्रहण बहिस्कार गरेका थिए । यसले माओवादीलाई धराप थापिएको भनिएपनि शक्तिका लागि घुर्कीमात्रै भएको विश्लेषकहरू बताउछन् । प्रधानमन्त्री प्रचण्ड चीन भ्रमण सकेर फर्किएलगत्तै एमालेलाई नै दोस्रो वरीयताक्रम दिएर सरकारमा सहभागी गराउने सम्भावना देखिएको छ ।


*युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएकोमा खुशी व्यक्त गर्दै निरन्तर प्रकाशनका लागि हार्दिक शुभ कामना व्यक्त गर्दछु ।*

कौशलनाथ भट्टराई
महाप्रवन्धक
**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**
बालाजु, काठमाडौं



*युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएकोमा खुशी व्यक्त गर्दै निरन्तर प्रकाशनका लागि हार्दिक शुभ कामना व्यक्त गर्दछु ।*

*प्रो. रिमा सुनार*
***एरोमा म्याजिक ब्युटि होम एण्ड ट्रेनिङ सेन्टर***
*ओरियन्टल कोलोनी रोड, कुलेश्वर काठमाडौं*
*फोन : ९८४१३३९०४५*


## बालकविता

### विद्यार्थी

विद्यार्थी हौं हामी,
पढ्ने हाम्रो काम ।
ठूलो भए पछि राख्नु पर्छ,
हाम्रो देशको नाम ।।

विद्यार्थी हौं हामी,
पुग्नु छ माथि ।
लिनु पर्छ शिक्षा धेरै,
चल्छ हाम्रो नाम साथी ।।

सब्ले माया गर्छन,
ज्ञानी भई गरे काम ।
काम नगरे ठग भन्छन्,
काट्छन सबले नाम ।।

*अभिषेक गौतम*
*कक्षा ४ क*
*स्कुलः ज्ञानोदय बालबाटिका, सानेपा ललितपुर*

# प्रशिक्षण कार्यक्रम सम्पन्न

काठमाडौं/जातीय समता समाज काठमाडौंले जिल्लास्तरीय कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर के.सी.ले वर्तमान अवस्थामा राजनीतिक गतिवारे प्रशिक्षण गर्दै संगठन र आगामी दिनमा संगठनप्रति विशेष भूमिकाप्रति प्रशिक्षण दिदै सबै कार्यकर्तालाई बफादारी भएर समाज परिवर्तनमा लाग्नुपर्ने बताएका थिए । कार्यक्रममा जातीय समता समाजका केन्द्रीय सल्लाहकार तथा सभासद् सन्तबहादुर नेपालीले संविधानमा प्रशिक्षण दिएका थिए ।

नेपालीले दलितहरुको अवस्था हिजोको दिनमा जेजस्तो थियो आजसम्म पनि गाउघरमा त्यहि रहेको हिजो सामन्तवादी व्यवस्थामा जस्तो थियो अहिले त्यस्तै पूजीवादी व्यवस्थातर्फ ढल्केको छ । र जोसंग पूजी त्यसले काम लाउछ । जसको पूजी छैन त्यो नोकर नै हुनुपर्छ । र गरिब,दलित निम्नवर्ग अबको यो पूजीवादी व्यवस्थामा पीडित नै रहन्छन् । तर पूजीवादी व्यवस्थामा हक अधिकारका लागि संगठनले आवाज उठाउन पाउन ठुलाठुला विषय लिएर आन्दोलन गर्न पाउछ । त्यसकारण वर्तमान देशमा संविधान निर्माण गर्नेक्रममा दलितहरुले आफ्नो हक र अधिकारका बारेमा सम्पूर्ण संग,संगठन र सरोकारवालाहरुले विशेष आन्दोलन गर्नुपर्ने बारेमा प्रस्ट पार्नुभएको थियो । समाजका अध्यक्ष केशमान वि.क.को सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव पवित्रा सुनारले गर्नुभएको थियो ।


**धनकुटा जाऔं आन्तरिक पर्यटनको विकास गरौं**

**कृषि, पर्यटन, उद्योग र व्यापार समुन्नत धनकुटाको आर्थिक विकासको आधार**

**नाराकासाथ असोज १ गतेदेखि १३ गतेसम्म हुन गैर हेको दोस्रो धनकुटा महोत्सव भव्यताकासाथ सफल पारौं ।**

आयोजक
**धनकुटा उद्योग वाणिज्य संघ**
धनकुटा

सह आयोजक
जिल्ला विकास समिति
धनकुटा नगरपालिका

अफिसियल मिडिया
इमेज एफएम

प्रायोजक
कावेली विकास बैंक
बजार प्रबन्धक
नेपाल उद्योग वाणिज्य महासंघ

(सर्वत्र बजारमा उपलब्ध छ सुन्न नभुल्नुहोला)